**“संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार, महिलाको शरीर, श्रम र पहिचानमा आफ्नो अधिकार”**

# महिला मञ्च

**३० फागुनदेखि २ चैत्र, २०७४**

**प्रदेश नं. १ का जनप्रतिनिधि महिला तथा महिला मानव अधिकार रक्षकहरुद्वारा पारित**

# विराटनगर घोषणापत्र

सबै नेपाली नागरिकको स्वतन्त्रतासहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गर्न १ सय वर्ष अगाडिदेखि योगमाया न्यौपानेले शुरु गरेको संघर्षलाई स्मरण गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि भएका २००७ र २०४६ सालको जनआन्दोलन, १० वर्षे सशस्त्र द्वन्द्व, ०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन लगायतका विभिन्न सामाजिक/राजनीतिक आन्दोलनहरुमा नेपाली महिलाले गरेका संघर्ष र बलिदानको उच्च कदर एवं त्यस योगदानप्रति गौरवान्वित अनुभूत गर्दै,

यी सबै आन्दोलनका आधारमा सम्पन्न भएको संविधानसभाको निर्वाचनमार्फत प्राप्त नेपालको संविधानको भाग २ अन्तर्गत रहेको नागरिकताको व्यवस्थामा रहेको लैंगिक विभेद अनिवार्य सम्बोधन गर्न ध्यानाकर्षण गराउँदै,

सामन्तवादी पितृसत्तात्मक सामाजिक संरचनाका कारण स्थापित असमान शक्ति सम्बन्धको अन्त्य नभएसम्म नेपालमा भएको पछिल्लो राजनीतिक रुपान्तरणलाई सारभूत रुपमा संस्थागत गर्न सकिंदैन भन्ने मान्यतालाई आत्मसात गर्दै,

महिला आन्दोलनका सबै मुद्दाहरु वर्गीय आन्दोलनका मुद्दा हुन् भन्नेतर्फ सचेत हुन सबैलाई आग्रह गर्दै, देशमा सदियौंदेखि जरा गाडेको सामन्ती व्यवस्था र त्यसमा आधारित पूँजीवादी पितृसत्तात्मक राज्य व्यवस्थाबाट स्थापित विभेदकारी सामाजिक मूल्यमान्यताहरु, असमान उत्पादन प्रणालीहरु र असमान भूमि व्यवस्थाहरुमा परिवर्तन नगरेसम्म जनादेश अनुरुपको परिवर्तन, नेतृत्वद्वारा अघि सारिएको समृद्धिसहितको समाजवाद एवं समाजवाद उन्मुख अर्थव्यवस्था स्थापित गर्नका लागि आधार एवं सन् २०३० सम्ममा पूरा गर्ने भनिएको दिगो विकास लक्ष्यहरु नारामा मात्रै सीमित हुने यथार्थता बोध गर्दै,

त्यस्ता उत्पादनका सम्बन्धहरुमा परिवर्तन ल्याउन महिलाको श्रम विशेषतः घरेलु, कृषि लगायतका अन्य सेवामूलक मानिएका अनौपचारिक मानिने श्रमको क्षेत्रहरुलाई औपचारिक श्रमको दायरामा ल्याई

सबै सेवामूलक काम तथा मूल्यसँग जोडिएका कामलाई कुल गार्हस्थ उत्पादनमा समावेश गर्दै, मर्यादित श्रमका रुपमा स्थापित गर्न अबिलम्ब मापदण्ड तयार गर्नुपर्ने आवश्यकता बोध गर्दै/गराउँदै,

संविधानले निर्देश गरेको समाजवादी लोककल्याणकारी राज्यको अवधारणाको व्यवहारिक कार्यान्वयनका लागि महिलाको नेतृत्व निर्णायक जिम्मेवार र देश विकासमा पूर्ण सहभागी हुन सक्ने वातावरण अविलम्ब निर्माण गर्न अपिल गर्दै,

सोका लागि देश भित्रै सबैलाई सम्मानजनक रोजगारी प्राप्त गर्ने वातावरण तयार गरी गुणस्तरीय जीवनस्तरको आधार निर्माण गर्न एवं आफ्नो जीविकोपार्जनको अधिकार, देशभित्र वा देश बाहिर हिड्डुल गर्न पाउने स्वतन्त्रता जस्ता अधिकार सुनिश्चित गर्न हाल वैदेशिक रोजगारमा संलग्न महिलाहरुलाई हेर्ने दृष्टिकोण, विद्यमान विभेदपूर्ण नीति एवं कानुनहरुमा अविलम्ब परिवर्तन एवं नयाँ नीति तर्जुमा गरि मानव अधिकार सुनिश्चितता गर्नु पर्ने जिम्मवारी बोध गर्दै/गराउँदै

सरकारद्वारा महिला अधिकार सुनिश्चितताका लागि देखाइएको प्रतिबद्धता, महिला हिंसा विरुद्धको शुन्य सहनशीलताको उद्घोषप्रति सम्मान गर्दै, यो अवस्था देशमा रहेको विभेदपूर्ण सामाजिक सांस्कृतिक मूल्य मान्यताबाट सिर्जित हानिकारक परम्परागत अभ्यासहरुको अन्त्य विना सम्भव छैन भन्ने यथार्थता बोध गर्दै/गराउँदै,

पाठेघर खस्ने, प्रसवफिस्टुला, आत्महत्याको बढ्दो अवस्था, मानसिक समस्याहरु जस्ता बेलैमा रोकथाम गर्न सकिने प्रजनन्/स्वास्थ्य समस्याहरुले लिएको व्यापकता तथा बलात्कार, यौन हिंसा, भ्रुण पहिचान गरी गरिने गर्भपतन, बोक्सीको आरोपमा महिलामाथि भईरहेको हिंसा जस्ता अपराधहरु बढ्दै गएको स्थिति एवं पीडितले न्याय प्राप्त गर्न अझै कठिन रहेको स्थिति तर्फ सचेत रहँदै/ गराउँदै,

सामाजिक विभेदपूर्ण मूल्यमान्यताहरुद्वारा स्थापित हानिकारक परम्परागत अभ्यासहरु र यसको प्रतिफलको रुपमा रहेको महिलाको आफ्नो शरीरमाथि आफ्नो अधिकार र नियन्त्रण हुन नसकेको स्थिति नै यो अवस्था हुनुको जड कारण हो भन्नेतर्फ गम्भीर हुन सबैलाइ आग्रह गर्दै,

महिला आन्दोलनको गौरवपूर्ण इतिहास र कठिन संघर्षको प्रतिफलस्वरुप स्थानीय तहको निर्वाचनमार्फत महिलाको नेतृत्व स्थापित भएता पनि यस निर्वाचनमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा गरिएको व्यवहारप्रति खबरदारी गर्दै, राज्यसत्ताको नेतृत्वमा महिलाको नेतृत्वदायी सहभागिताका सन्दर्भमा प्राप्त उपलब्धिहरुको रक्षा र संस्थागत गर्न स्थानीय तहदेखि नै सचेततापूर्वक कार्यसम्पादन गर्नुपर्ने आवश्यकता बोध गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६, सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९६५, महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९, यातना तथा अन्य क्रूर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४, बालअधिकार महासन्धि १९८९, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धि २००६,आइ. एल. ओ. महासन्धिहरु लगायत विभिन्न मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सुनिश्चित

गरेका महिलाको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मान गर्न प्रतिबद्ध रहने उद्घोष गर्दै एवम् सबै पक्षको प्रतिबद्धता माग गर्दै,

मोरङ्गको बिराटनगरमा २०७४ फागुन ३० गतेदेखि चैत्र २ गतेसम्म बिराटनगर महानगरपालिका लगायत १०० भन्दा बढी स्थानीय तहको सह आयोजनामा आयोजित प्रदेश नम्वर १ को प्रदेशस्तरीय यस महिलामञ्चमा उपस्थित हामी ६०० भन्दा बढीको संख्यामा सहभागी रहेका स्थानीयतहका महिला जनप्रतिनिधिहरु, महिला मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरु यस मञ्चबाट यो १२ बूँदे घोषणापत्र जारी गर्दछौ ।

हाम्रा घोषणाहरु :

१. राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि महिलाको समानुपातिक, समावेशी, संलग्नता सहितको निर्णायक नेतृत्व अभ्यासका लागि विशेष योजना कार्यक्रम निर्माण र कार्यान्वयन गर्न सहकार्य र नेतृत्व गर्नेछौं ।

२. सबै प्रकारका हानिकारक प्रथालाई अपराधको रुपमा ग्रहण गरी त्यस्ता सबै खाले हानिकारक परम्परामा आधारित भई गरिने अपराध अन्त्य गर्ने छाता कानूनको निर्माण साथै स्थानीयस्तर देखि राष्ट्रिय तहसम्म रणनीति बनाई लागू गर्न नेतृत्व लिनेछौं ।

३. घरेलु श्रम लगायत सबै सेवामूलक कामलाई उत्पादनमूलक कामको रुपमा गणना गर्दै हरेक क्षेत्रमा क्रियाशील श्रमिक महिलाको समान कामको समान ज्यालाको व्यवहारिक कार्यान्वयन स्थानीय स्तरबाट नीतिगत व्यवस्था कार्यान्वयनका लागि सहकार्य र नेतृत्व गर्नेछौं ।

४. स्थानीय तहमा नै रोजगार सिर्जना गरी जोखिमपूर्ण बाध्यकारी स्थानागमनलाई निरुत्साहित गर्न र रोजगारका लागि सुरक्षित तवरले बाहिर जाने व्यक्तिहरुलाई सही सूचना र सीप प्रदान गरी स्थानागमनको अधिकार सुनिश्चित गर्न नेतृत्व र सहकार्य गर्नेछौं ।

५. महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चितताका लागि आवश्यक नीति निर्माण गरि स्वास्थ्यलाई पूर्ण रुपले परिभाषित गर्दै यौनिकता र महिलाको स्वास्थ्यलाई प्रभाव पार्ने सबै प्रकारका विभेदपूर्ण व्यवहारहरुको अन्त्य गर्न नेतृत्व एवं सहकार्य गर्नेछौं ।

६. संविधानले सुनिश्चित गरेको नागरिकको आधारभुत अधिकार (गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको) पूर्ण कार्यान्वयनका लागि भूमिहीन किसान, अपागंता भएका व्यक्ति, सुकुम्बासी तथा विपन्न र सीमान्तकृत समुदायका महिलाको भूमि तथा सुरक्षित बासमाथिको अधिकारको सुनिश्चितता साथै स्थानीय स्रोत साधनमा पहुँच कायम गर्न नीति निर्माण गरी वडास्तरबाटै आवश्यक कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

७. महिलाभित्र पनि अपाङ्गता भएका, दलित, जनजाति, मुस्लिम, मधेशी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एच.आई.भी. संक्रमित, बेचबिखनबाट प्रभावित, द्वन्द्व प्रभावित, हिंसा प्रभावित,

एकल आमा एवं विधवा महिलाहरूका फरक फरक आवश्यकता हुन्छन् भन्ने तथ्य अङ्गिकार गरी राज्यका हरेक संरचनामा विशेष व्यवस्था गर्दै समानुपातिक प्रतिनिधित्व सुनिश्चिततताका लागि समुदाय तहदेखि नै पहल गर्दै राज्यका सबै तह र संरचनाहरुमा यी सवालहरु सुनिश्चित गर्न नेतृत्व एवं सहकार्य गर्नेछौ ।

८. महिलाको बंशीय हकलाई संवैधानिक संरक्षण प्रदान नगरिएसम्म महिलाको आत्मसम्मान पूर्वक बाँच्न पाउने वातावरण निर्माण हुन नसक्ने र महिलाको पराधिनताको अन्त्य नहुने तथ्यप्रति ध्यानाकर्षण गराउँदै अबिलम्ब संबिधान संशोधन गरी नागरिकतामा महिलाको समान हक स्थापित गर्न माग गर्दछौं ।

९. सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि संरचनागत विभेदविरुद्ध आवाज उठाएकै कारण महिला मानव अधिकार रक्षकहरु असुरक्षित रहेको तर्फ ध्यानाकर्षण गराउँदै महिला मानवअधिकार रक्षकहरुको पहिचान, मान्यता र सुरक्षाको ग्यारेण्टी गर्न राष्ट्रिय रुपमा नीति बनाई प्रदेश तथा स्थानीय तहसम्म उत्तरदायी संयन्त्र निर्माणको जोडदार माग गर्दछौं ।

१०. संबिधानले दिएको सामाजिक सुरक्षाको हक कृषि, गिट्टी कुट्ने, घरेलु श्रमिक जस्ता विभिन्न जोखिमपूर्ण, मनोरञ्जन लगायतका अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरुले समेत प्राप्त गर्न सक्ने स्थिति निर्माण गर्न समुदाय तहदेखि नै नेतृत्व एवं सहकार्य गर्ने प्रतिबद्धताका साथ यसका लागि आवश्यक नीतिगत व्यवस्थाको निर्माणका लागि माग गर्दै यसको नेतृत्व लिनेछौं ।

११. बाढी, शीतलहर, भुकम्प, आगलागि, महामारी जस्ता विपत्तीका बेलामा थप जोखिममा रहने महिला, बालबालिका, असक्त, अपाङ्गता, जेष्ठ नागरिकहरुलाई विशेष व्यवस्था सहित प्राकृतिक बिपत्तिका लागि पूर्वतयारी र राहतका लागि दीर्घकालिन रणनीति तयार गर्न भूमिका निर्वाह गर्दै नेतृत्व लिने तथा सहकार्य गर्नेछौं ।

१२. प्रदेश भरिकै सुकुम्बासीहरुको पहिचान र बासको अधिकार सुनिश्चित गर्ने, एवं अझै पनि पुनर्स्थापित हुन नसकेको भुटानी शरणार्थीहरुको उचित व्यवस्थापनका लागि अबिलम्ब कार्य गर्न/गराउन नेतृत्व र सहकार्य गर्न प्रतिबद्ध छौं ।

हामी स्थानीय तहका जनप्रतिनीधि, महिला मानव अधिकार रक्षकहरु, सामाजिक न्याय तथा लोकतन्त्रप्रति विश्वास राख्ने सम्पूर्ण नागरिक समाजका प्रतिनिधि आफ्नो तर्फबाट महिलाको मानव अधिकारको संरक्षण र प्रवर्द्धनकालागि प्रतिबद्धता जाहेर गर्दै, यो घोषणापत्र अनुरुपका व्यवस्था स्थानीयतहदेखि नै स्थापित गर्न/गराउन निरन्तर अभियानरत तथा प्रतिबद्ध रहनेछौं ।

बिराटनगर प्रदेश नम्बर १

चैत्र २, २०७४